# राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ को उपलक्ष्यमा लमजुङ जिल्लामा सञ्चालन गरिएका कार्यक्रमहरुको संक्षिप्त प्रतिवेदन

## मिति २०८१/११/०६ गते

१. प्रदेश जनस्वास्थ्य कार्यालय, लमजुङ र प्रदेश अस्पताल, लमजुङको संयुक्त आयोजनामा बेंसीशहरस्थित मर्स्याङ्दी क्याम्पसका कक्षा ११ र १२ का विद्यार्थीहरुलाई मानसिक स्वास्थ्य सचेतना तथा पैरवी कार्यक्रम सम्पन्न गरिएको।

२. बेशीशहर नगरपालिकास्थित जनविकास माध्यमिक विद्यालयमा **"सबल प्रजातन्त्र निर्माणमा नागरिकको कर्तव्य र भूमिका"** विषयमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको। प्रतियोगितामा मनकामना बोर्डिङ स्कूल भकुण्डेकी सुप्रिया थापा प्रथम, सेवासदन मावि पुरानकोटकी सुनिता गुरुङ द्वितीय र अर्थली प्याराडाइज स्कूलकी सम्झना परियार तृतीय र विद्याविकास माविकी रश्मी अधिकारी र जनकल्याण माविकी अपेक्षा अधिकारीले सान्त्वना पुरस्कार पुरस्कार प्राप्त गरेको।

## मिति २०८१/११/०७ गते

३. लमजुङ जिल्लास्थित सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघ संस्थाहरु, होमस्टे सञ्चालक, आमा समूह, युवा समूहहरुको सक्रियतामा ऐतिहासिक महत्वका स्थानहरु, सामाजिक सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा स्थलहरुको सरसफाई गरिएको।

४. जिल्लास्तरीय समारोह समितिको सक्रियतामा लमजुङ जिल्लास्थित सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघ संस्थाहरु र आमा समूहहरुको सहभागितामा नगर सरसफाइ गरिएको।

५. पत्रकार महासंघ लमजुङको सक्रियतामा रेडियो मर्स्याङ्दी एफ. एम.मा रेडियो संवाद कार्यक्रम सञ्चालन भएको।

६. जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई तथा सामाजिक विकास कार्यालयको सक्रियतामा आदर्श महिला तथा बाल विकास केन्द्रमा रहेका अनाथ तथा असहाय बालबालिकाहरुलाई शैक्षिक सामाग्रीहरु वितरण गरिएको।

७. लमजुङस्थित उद्योग वाणिज्य संघको सक्रियतामा मानव सेवा आश्रममा रहेका वृद्धवृद्धाहरुलाई खाद्यान्न वितरण गरिएको।

८. जिल्ला अपस्ताल लमजुङले रक्तचाप र मधुमेहको निःशुल्क स्वास्थ्य परीक्षण गरेको। अपरान्ह ११:०० बजेदेखि अस्पतालमा रक्तदान कार्यक्रम सञ्चालन भएको।

९. जिल्ला प्रहरी कार्यालय लमजुङको सक्रियतामा साँझ ६:०० बजेदेखि ८:०० बजेसम्म नेपाल प्रहरीको ब्याण्डबाट राष्ट्रिय एकता र राष्ट्रभक्ति झल्काउने धुनहरु र लोकगीतका धुनहरु सहित "सांगितिक साँझ" कार्यक्रम जनताहरुको सहभागितामा सम्पन्न गरिएको।

# <u>कार्यक्रमका केही झलकहरु</u>



सरसफाइ कार्यक्रम
फागुन ७ गते



सरसफाइ कार्यक्रम समापनपछि ग्रुप फोटो सेसन
फागुन ७ गते



आदर्श महिला तथा बाल विकास केन्द्रमा शैक्षिक सामग्री वितरण कार्यक्रम
फागुन ७ गते



लमजुङ अस्पतालद्वारा सञ्चालित रक्तदान कार्यक्रममा सहभागी रक्तदाताहरु
फागुन ७ गते



जिल्ला प्रहरी कार्यालयको आयोजनामा राष्ट्रिय एकता र राष्ट्रभक्ति झल्काउने धुनसहितको साँगितिक कार्यक्रम
फागुन ७ गते



जिल्ला प्रहरी कार्यालयको आयोजनामा राष्ट्रिय एकता र राष्ट्रभक्ति झल्काउने धुनसहितको साँगितिक कार्यक्रममा सहभागी लमजुङवासी
फागुन ७ गते



स्वास्थ्य कार्यालय लमजुङले सञ्चालन गरेको मानसिक स्वास्थ्य सचेतना कार्यक्रममा सहभागी मर्स्याङ्दी क्याम्पस लमजुङका विद्यार्थीहरु
फागुन ६ गते



मर्स्याङ्दी क्याम्पसमा मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन हुँदै
फागुन ६ गते




रेडियो मर्स्याङ्दीमा रेडियो सम्वाद कार्यक्रम
फागुन ७ गते



# प्रजातन्त्र दिवसको अवसरमा वक्तृत्वकला

■ लमजुङ दर्पण समाचारदाता

लमजुङ, ०६ फागुन । बेसीशहर नगरपालिका ७ स्थित जनविकास माध्यमिक विद्यालयमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ । बेसीशहर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा 'सबल प्रजातन्त्र निर्माणमा नागरिकको कर्तव्य र भूमिका' विषयक वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको हो ।

प्रतियोगितामा मनकामना बोर्डिङ स्कुल भकुण्डेकी सुप्रिया थापा प्रथम भएकी छन् । कक्षा ९ मा अध्ययनरत थापालाई नगद ५ हजार र प्रमाणपत्र पुरस्कार दिइएको छ । यसैगरी सेवासदन मावि पुरानोकोटमा कक्षा १० मा अध्ययनरत सुनिता गुरुङ द्वितीय र अर्थली प्याराडाइज बेसीशहरमा अध्ययनरत सम्झना परियार तृतीय भएकी छन् । प्रतियोगितामा विद्याविकास मावि बेसीशहरकी रश्मी अधिकारी र जनकल्याण मावि उदिपुरकी अपेक्षा अधिकारी सान्त्वना भएका छन् ।

प्रतियोगितामा द्वितीयलाई नगद ४ हजार, तृतीयलाई ३ हजार र सान्त्वना हुनेलाई दुई जनालाई जनही एक हजार पाँच शय नगदसहित प्रमाणपत्र प्रदान गरिएको बेसीशहर नगरपालिका शिक्षा शाखाका प्राविधिक सहायक सृजना पाण्डे चिलुवालले जनाकारी दिनुभयो ।

प्रतियोगितामा बेसीशहर नगरपालिकाभित्रका संस्थागत तथा सामुदायिक विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने १२ जना विद्यार्थीले सहभागिता जनाएका थिए । प्रतियोगिता शिक्षा शाखा प्रमुख किसानराज चिलुवालको अध्यक्षता एवं जिल्ला समन्वय समिति लमजुङका प्रमुख पूर्णबहादुर गुरुङको प्रमुख आतिथ्यमा भएको हो । कार्यक्रममा बेसीशहर नगरपालिका।बाँकी ३ पृष्ठमा।

बेसीशहरस्थित जनविकास माध्यमिक विद्यालयमा वक्तृत्वकला प्रतियोगिता हुँदै
फागुन ६ गते